"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

प्रेस विज्ञप्ति

मितिः २०८२/१०/१९

बिगत केही दिन देखि काठमाण्डौं उपत्यकामा एल.पि.ग्यासको अभाव भनि विभिन्न पत्रपत्रिका तथा अनलाइन पोर्टलहरुरमा प्रकाशित समाचार तथा जनगुनासोको बिषयमा निगमको गम्भिर ध्यानाकर्षण भएको छ।

सोही सन्दर्भमा, इण्डियन आयलका विभिन्न रिफाइनरी तथा बोटलिङ्ग प्लान्टबाट ग्यास आयातको लागी देशैभरिका उद्योगीहरुलाई निगमले मासिक रुपमा उपलब्ध गराउने Allocation को परिमाण ४९,५०० मे.टन रहेकोमा नोभेम्बर २०२५ मा ४७,२६४ मे.टन, डिसेम्बर २०२५ मा ४८,५३१ मे.टन र जनवरी २०२६ मा ४७,३०४ मे.टन ग्यास सम्बन्धित उद्योगहरुले आयात गरि आम उपभोक्ता माझ विक्री वितरण गरेको व्यहोरा अनुरोध छ। उपरोक्त परिमाण ग्यासको जाडोयामको माग धान्न पुग्ने परिमाण भएको व्यहोरा समेत अनुरोध छ।

तर हाल बजारमा केहि एकाध उद्योगको ग्यास सिलिण्डर अभाव देखिएकोले ति उद्योगलाई बजारमा सिलिण्डरको आपूर्ति सहज गराई बजार सामान्यकरण गर्न निर्देशन दिई सकिएकाले केही समय भित्रै सामान्यकरण हुने व्यहोरा समेत आम उपभोक्ता वर्गमा जानकारी गराउदछौं।

बजारमा LPG को हालको अवस्था तथा आसन्न निर्वाचनलाई समेत मध्येनजर गरी निगमले फ्रेबुअरी २०२६ का लागी साविकको परिमाणमा २,००० मे.टन थप गरी इण्डियन आयलका विभिन्न रिफाइनरी तथा बोटलिङ्ग प्लान्टबाट आयात गर्न Bottlers wise Allocation पठाईसकेको व्यहोरा जानकारी गराउदछौं।

निगम आम उपभोक्तालाई आवश्यकता अनुसार मात्र ग्यासको खरिद गर्न एवं ग्यासको अनावश्यक भण्डारण नगर्न समेत हार्दिक अनुरोध गर्दछ।

धन्यवाद।

प्रवक्ता